आज मिति २०७६ साल फागुन २२ गते विहीवार का दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| नि. सचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| ब.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: महिला हाफ म्याराथन प्रतियोगिता स्थगित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०७६ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: व्यास नगरपालिका घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: आ.व.२०७७/०७८ को योजना तर्जुमा सम्बन्धमा ।
प्रस्ताव नं.५: विद्यालय शैक्षिक गुणस्तर सुधार अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.६: सहकारीहरुको सवलीकरण एवं नियमन सम्बन्धमा ।
प्रस्ताव नं.७: योजना अनुगमन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.८: व्यास न.पा. भवन निर्माण नियमन कार्यविधि, २०७६ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: वारुणयन्त्र सञ्चालन कार्यविधि, २०७६ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: नोवेल कोरोना भाइरस सम्बन्धमा सर्वसाधारणलाई सूचित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: वडा कार्यालय भवन निर्माणको भेरियस स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१३: विद्यालय स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.१४: बोलपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१५: प्रधानाध्यापक नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.१६: तटबन्ध र सिंचाई योजना स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१७: कालिका मार्ग स्तरीकरणका लागि सडक बोर्डमा आयोजना प्रस्ताव पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१८: आयोजना प्रस्ताव पठाउने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा आगामी फाल्गुण २५ गते अन्तराष्ट्रिय नारी दिवसको अवसरमा सञ्चालन गर्ने गरी प्रथम व्यास नगर महिला खुल्ला हाफ म्याराथन प्रतियोगिता आयोजना गर्ने तयारी गरिएकोमा विश्वभर नै एउटा त्रासदीपूर्ण तवरले महामारीका रुपमा फैलिएको नोवेल कोरोना भाइरस र नेपाल सरकार तथा स्थानीय प्रशासनद्वारा सो सम्बन्धमा सर्वसाधारणको हितमा जारी गरिएका सूचनाहरुलाई मध्यनजर गरी २०७७ बैशाखमा प्रतियोगिता गर्ने गरी हाललाई उक्त म्याराथन प्रतियोगिता स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ को मस्यौदा उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि आ.व.२०७७/०७८ को योजना तर्जुमा गर्ने कार्यका लागि सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा विभिन्न वर्ग, लिङ्ग र समुदाय, वस्ती, टोल हुँदै वडास्तरमा छलफल गराई योजनाहरु छनौट गरी प्राथमिकता समेत निर्धारण गरी २०७७ बैशाख १५ गतेभित्र पूर्वाधार विकास एवं मानव संशाधन विकास सम्बन्धी सम्पूर्ण कार्यक्रमहरु पेश गर्न वडा कार्यालयलाई पत्राचार गर्ने साथै योजना तर्जुमा सम्बन्धी कार्यतलिका र मार्गदर्शन एवं बजेट सिलिङ्ग यथासमयमा पठाउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०७६/०७७ को शिक्षा तर्फ विनियोजित रकमबाट भुक्तानी दिने गरी देहायका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, मर्मत एवं अन्य आवश्यकीय कार्यका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | बुद्ध दाहाल बहिरा आवासीय प्रा.वि. कम्पाउण्ड निर्माण, व्यास १ | १५०,०००। | |
| २. | जनता आधारभूत विद्यालय कम्पाउण्ड निर्माण, व्यास १० | १००,०००। | |
| ३. | सर्वज्योति मा.वि.मा कम्प्युटर, ल्याव र फर्निचर, व्यास १० | १५०,०००। | |
| ४. | चण्डीदेवी आधारभूत विद्यालय भवन मर्मत, व्यास ११ | १००,०००। | |
| ५. | बाल कल्याण प्रा.वि. कम्पाउण्ड निर्माण, व्यास १३ | ६०,०००। | |
| ६. | वेनीमित्र प्रा.वि. भौतिक व्यवस्थापन, व्यास १३ | ५०,०००। | |
| ७. | इन्दु मा.वि. रंगरोगन, व्यास ६ | १५०,०००। | |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाद्वारा गठित सहकारी अनुगमन समितिद्वारा तयार भई आएको अनुगमन प्रतिवेदनका सम्बन्धमा वृहत रुपमा छलफल भयो । अनुगमन प्रतिवेदनमा औंल्याइए अनुसार रूग्ण अवस्थामा रहेका सहकारी संस्थाहरुको सवलीकरण गर्न र प्रचलित नियम विपरीत सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई नियमन एवं कारवाहीको लागि अविलम्ब प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको योजना अनुगमन समितिद्वारा पेश हुन आएको योजना अनुगमन प्रतिवेदन उपर वृहत रुपमा छलफल गरियो । यस नगरपालिकाद्वारा सञ्चालन गरिएका सम्पूर्ण योजनाहरुलाई अझ गुणस्तरीय, पारदर्शी एवं नतिजामूखी गराउँदै लैजानको लागि अनुगमन प्रक्रियालाई थप वैज्ञानिक एवं सहज र नियमित गराउँदै लैजान अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भवन निर्माण नियमन कार्यविधि, २०७६ को मस्यौदा उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका बारुणयन्त्र सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा विश्वभर नै एउटा त्रासदी बन्दै महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइरस सम्बन्धमा त्यसका लक्षणहरु, रोकथामका लागि अपनाउनुपर्ने सतर्कता तथा सामुहिक दायित्वका सम्बन्धमा स्पष्ट हुने गरी सम्पूर्ण नगरवासीहरुलाई सु-सूचित गराउने र सोको लागि स्थानीय सञ्चार माध्यमहरु (रेडियो, पत्रपत्रिका तथा अन्य मिडिया हाउसहरु) लाई सूचना सम्प्रेषणको लागि सूचना सामाग्रीहरु एवं जिंगलहरु तयार गरी पठाउन आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.९ मा निर्माणाधीन वडा कार्यालय भवन निर्माणका लागि यस अघि स्वीकृत लागत अनुमानमा कायम भएको भवनको जग्गाको कामको परिमाणमा काम गर्दै जाँदा नजिकै रहेको स्वास्थ्यचौकीको लेवल बराबर बनाउनुपर्ने अवस्था सृजना भएको हुँदा प्लिन्थ लेवलभन्दा तलको भागको काममा परिमाण बढ्न गई थप काम गर्नुपर्ने भएअनुसार सम्बन्धित प्राविधिकबाट तयार भइआएको सो सम्बन्धी रू.३,०६,४४४। (तीन लाख छ हजार चार सय चौवालीस रुपैयाँ) को वर्क भेरीयसन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा  देहाय बमोजिमका आधारभूत एवं अत्यावश्य प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | सिन्धु मार्ग-स्याम्घा हटिया कोट बाटो मर्मत | ६ | ५,००,०००। | विविध |
| २ | व्यास ९ र भानु १३ जोड्ने विर्ता खोलामा कजवे निर्माण | ९ | ५,००,०००। | विविध |
| ३ | शिवशाही मन्दिर निर्माण | ९ | २,००,०००। | विविध |
| ४ | राम्चे खानेपानी पाइप विस्तार | १० | १,००,०००। | विविध |
| ५ | रत्नज्योति आधारभूत विद्यालय | ६ | १,३०,०००। | विविध |
| ६ | देउरालीनगर बौद्धसदन तनहुँ रंग रोगन | ३ | १,००,०००। | विविध |
| ७ | अन्तर पार्टी सञ्जाल कार्यक्रम सञ्चालन | | ५०,०००। | लक्षित |
| ८ | सामली बासपानी सामुदायिक भवन रंग रोगन | ७ | ६०,०००। | विविध |
| ९ | जनभावना नेवाखल मिसा पुच | २ | ४०,०००। | लक्षित |
| १० | तमु आमा समूह तालिम | ३ | ४०,०००। | लक्षित |
| ११ | आदर्श नमूना क्लब फुटवल प्रतियोगिता | | ३५,०००। | फुटवल |
| १२ | विद्युत मिटर जडान (६ घर प्रतिघर रु.८०००) सहयोग | ९ | ४८,०००। | विद्युत |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.८ स्थित श्री सहजीवन प्रा.वि.को भवन रेट्रोफिट गर्ने कार्यका लागि विगत वर्षमा नै अनुदान प्राप्त भएकोमा उक्त क्षेत्रको शैक्षिक अवस्था एवं

विद्यार्थी संख्यालाई मध्यनजर गरी हाल उक्त विद्यालय साविकको स्थानबाट स्थानान्तरण गरी सोही वडाको वेतेनी कुँडहर भन्ने स्थानमा कक्षा सञ्चालन भइरहेकोमा कक्षा कोठाहरुको अभावमा पठन-पाठन गराउन कठिनाई रहेको व्यहोरा सहित सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट रेट्रोफिटको लागि प्राप्त रकमबाट नयाँ भवन निर्माण गर्न अनुमति माग भइआएको हुँदा सम्बन्धित निकायसँग समन्वय गरी नयाँ भवन निर्माणमा उक्त रकम खर्च गर्ने व्यवस्थापन मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विभिन्न निर्माण कार्यको लागि प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म/कम्पनीका सिलबन्दी बोलपत्रहरु मध्ये नगरपालिका मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भई आएबमोजिम तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ. कर समेत) |
|---|---|---|---|
| १. | माहेन्द्र मार्ग कालोपत्र र नाला निर्माण, व्यास ६ (ठेक्का नं.२६/MUN/२०७६।०७७) | श्री एस.टि. निर्माण सेवा, व्यास २, तनहुँ | रु.३९,९४,२९८।७८ |
| २. | कालिका मार्ग कालोपत्रे र नाला निर्माण, व्यास ७ (ठेक्का नं.२७/MUN/२०७६।०७७) | श्री निम्बल कन्स्ट्रक्सन कम्पनी प्रा.लि., पोखरा २६, कास्की | रु.४७,१८,८३८।५१ |
| ३. | वडा कार्यालय भवन निर्माण, व्यास १( ठेक्का नं.२८/MUN/२०७६।०७७) | श्री एस.टि. निर्माण सेवा, व्यास २, तनहुँ | रु.३९,७८,३२२।१२ |
| ४. | पाथ्रा खानेपानी योजना व्यास ७ (ठेक्का नं.२९/MUN/२०७६।०७७) | श्री सन्ध्या सन्देश निर्माण सेवा व्यास ५, तनहुँ | रु.३३,५९,३६३।३४ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास ३ स्थित वेद व्यास सँस्कृत मा.वि. को प्रधानाध्यापक पदमा विद्यालय व्यवस्थापन समितिको सिफारिस बमोजिम मा.वि. स्थायी शिक्षक श्री तोयनाथ निरौलालाई नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकारबाट माग भए बमोजिम निम्नालिखित तटबन्ध र सिंचाई सम्बन्धी योजनाको प्राथमिकता तोकी सिफारिस गर्ने निर्णय गरियो ।

तटबन्धतर्फ

(क) वडा नं.१, २, ३, ४, ५, ६, ७, र १० भएर बग्ने मादीनदी तटबन्ध
(ख) वडा नं.१, १०, ११ र १२ मा रहेको बुल्दी खोला तटबन्ध
(ग) वडा नं.७ र ८ भएर बग्ने रिस्ती खोला तटबन्ध

सिंचाई तर्फ

(क) व्यास १२ र १ मा रहेको छाब्दीफाँट सिंचाई योजना
(ख) व्यास ७ मा रहेका नरंगा कलेस्तीफाँट सिंचाई योजना
(ग) व्यास ९ मा रहेको पिपलटार सिंचाई योजना

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ र ८ को कालिका मार्ग स्तरीकरणका लागि सडक बोर्ड नेपालमा आयोजना स्वीकृतिका लागि सिफारिस पठाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका वडा नं.१२ स्थित घाँसीकुवा स्वास्थ्यचौकी भवन निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य क्षेत्रमा साझेदारी निर्देशिका २०७६ बमोजिम मन्त्रालयबाट व्यहोरिने ६० प्रतिशतका दरले हुन आउने रकम रु.१,००,००,०००। र यस नगरपालिकाबाट व्यहोरिने ४० प्रतिशतका दरले हुन आउने रकम रु.६६,६६,६६६।६६ गरी कुल लागत रु.१,६६,६६,६६६।६६ (एक करोड छैसठ्ठी लाख छ सय छैसठ्ठी रुपैयाँ र पैसा छैसठ्ठी मात्र) को भवन निर्माण सम्बन्धी आयोजना प्रस्ताव तयार गरी स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।